# बुद्धशान्ति गाउँपालिका

# बुद्धशान्ति राजपत्र

## बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः २ | प्रकाशित मितिः २०७९।०६।०२ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृत २०७९।०५।३० | | |


### भाग - २

### बुद्धशान्ति गाउँपालिका

### सम्वत २०७९ सालको कार्यविधि नं. २

## बुद्धशान्ति गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी, २०७९

**प्रस्तावनाः**

बुद्धशान्ति गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपूरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार प्राप्त हुने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी, उपयुक्त, मितव्ययी एवं औचित्यपूर्ण तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले बुद्धशान्ति गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७८ को दफा ४ ले दिएको

अधिकार प्रयोग गरी कार्यपालिकाको मिति २०७९।०५।३० गते बसेको नवौ बैठकले यो कार्यविधी स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "बुद्धशान्ति गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७९" रहेको छ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कार्यविधी" भन्नाले बुद्धशान्ति गाउँपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी, २०७९ सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "योजना" भन्नाले गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजनाहरुलाई सम्झनु पर्छ ।

(च) "प्राविधिक" भन्नाले गाउँपालिकामा कार्यरत ईन्जिनियर, प्राविधिक सहायक पाँचौ, प्राविधिक सहायक चौथो लगायतका प्राविधिक कर्मचारीलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुद्धशान्ति गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

३. **उद्धेश्यः** कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी जारी गर्नुका मुख्य उद्धेश्यहरु निम्नानुसार छन्:

(क) योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी बापतको रकमलाई पारदर्शी र विधिवत् रूपमा खर्च गर्न,

(ख) दफा ६ मा उल्लिखित क्षेत्रहरूमा मात्र कन्टिन्जेन्सी बापतको रकम खर्च गर्न,

(ग) कन्टिन्जेन्सी बापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्था गर्न,

(ङ) कन्टिन्जेन्सी बापतको रकमको यथार्थ परक विवरण अभिलेखीकरण गर्न आदि ।

४. **कन्टिन्जेन्सी रकमको व्यवस्था** कार्यान्वयन हुने प्रत्येक योजनाको विनियोजित रकमको देहाय बमोजिम शुरुमै लागत अनुमान तयार गरिः

(क) योजनाको प्रकृति अनुसार न्यूनतम १ प्रतिशत देखि अधिकतम ३ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टी गरिनेछ र

(ख) सशर्त अनुदानको हकमा उक्त अनुदानको कार्यविधी वा निर्देशिकामा तोकिए बमोजिम नै कट्टी गरिनेछ।

५. **लागत अनुमानको तयारीः** दफा ३ को खण्ड (क) बमोजिम कन्टिन्जेन्सी खर्च कट्टा गरी बाँकी रहेको विनियोजित रकमलाई शत प्रतिशत मानी योजनाको लागत अनुमान तयार गरिनेछ ।

६. **कन्टिन्जेन्सी रकम खर्च गर्न सकिने क्षेत्रहरुः** योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँ कार्यपालिकाले देहायका शीर्षकहरूमा मितव्ययी, पारदर्शी ढङ्गले खर्च गर्न सक्ने छ ।

(क) योजना अनूगमन तथा सूपरीवेक्षण खर्च एवं योजनासंग सम्बन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा तथा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ङ) गाउँकार्यपालिकाको निर्णय बमोजिम तोकिएका अन्य क्षेत्र,

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण/तालिम/गोष्ठी कार्यक्रम सञ्चालनमा लाग्ने खर्च, ईन्धन, सवारी मर्मत समेत,

(छ) स्थानीय तह वा अन्य निकायको असल अभ्यास/सिकाई अनुसरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च,

(ज) गुणस्तर परिक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

(झ) आयोजना अभिलेख व्यवस्थापन सम्वन्धि खर्च ।

७. **कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः** योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम् ५५ प्रतिशत र पूँजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

८. **कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः** गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमा एकीकृत रुपमा अनुमान गरी सो को लगत

राखिने छ । तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गरिने व्यवस्था मिलाइने छ।

९. **थपघट, हेरफेर वा संशोधनः** गाउँकार्यपालिकाले यस कार्यविधीलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधीको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ । तर प्रचलित ऐन, कानून, नियम र कार्यविधिको मूलभुत कुरालाई असर पर्ने गरी फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन् ।

११. **बचाउः** यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरूको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेका क्रियकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

आज्ञाले,
युवराज कट्टेल
प्रमुख प्रशासकीय अधिकृत